# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं १, नेपाल

प.सं. ०७८/०७९

च.नं.:

मितिः२०७८।०४।२१

### केराबारी गाउँपालिकको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को संक्रमणको दोस्रो लहर दिन प्रतिदिन बढ्दै गइरहेको हुँदा केराबारी गाउँपालिका कोरोना संवन्धि पूर्वतयारी तथा प्रतिकार्य समन्वय समितिको सझाव सहित गाउँकार्यपालिकाको निर्णयलाइ निरन्तरता दिन आवश्यक देखिएकोले नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८/०४/२३ गते रातको १२ बजे देखि २०७८/०४/३२ गते राति १२ बजे सम्म तपसिल बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन सम्बन्धित सवैमा अनुरोध छ ।

#### तपसिल

**गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको हकमा ।**

- संक्रमितको संख्या बढीरहेकोले कर्मचारी, जनप्रतिनिधिहरु साथै सेवाग्राही समेत जोखिममा परी संक्रमण फैलन सक्ने वर्तमान अवस्थामा कार्यालय संचालन गरि रहदा संक्रमण फैलिई भयानक स्थिति आउने अवस्था भएको हुदा यस कार्यालय तथा १० वटै वडा कार्यालयहरुवाट संचालन हुने अत्यावश्यकीय सेवा **(स्वास्थ्य सेवा, फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा, दमकल सेवा, सव-वाहान सेवा, सामाजिक सुरक्षा नविकरण)** बाहेक अन्य सेवाहरु मिति २०७८।०४।३२ गते सम्म **पूर्ण रुपमा बन्द** रहने छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमा याचना गर्दछ ।

**बजार, पसल, होटल, संघ संस्था, वितिय संस्था,सहकारी संस्था, कल कारखाना, सांस्कृतिक गतिविधि साथै सभा सम्मेलनको हकमा ।**

- केराबारी गाउँपालिका क्षेत्र भित्र मङ्गलवारे हाटबजार लगायत सम्पुर्ण हाटबजार अनिवार्य रुपमा बन्द गर्ने / गराउने ।
- केराबारी गाउँपालिका क्षेत्रभित्रका औषधि पसल खुल्ला रहने ।
- दुग्ध डेरी विहान ५ बजे देखि ८ बजे सम्म र दिउसो ३ बजे देखि ६ बजे सम्म मात्र खुल्ला गर्ने/ गराउने ।

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं. १, नेपाल

प.सं. ०७८/०७९
च.नं.:

- औषधि पसल र दुग्ध डेरी वाहेक सम्पुर्ण पसल, व्यापार व्यवसायहरु पुर्ण रुपमा वन्द गर्ने / गराउने ।
- सार्वजनिक तथा निजि यातायातको आवतजावत पुर्णरुपमा वन्द गर्ने / गराउने ।
- राष्ट्रिय गौरवका आयोजना संचालनका लागि स्थानिय प्रशासनसंग समन्वय गर्ने ।
- उद्योग, कलकारखानाहरु पर्णरुपमा बन्द गर्ने / गराउने ।
- बैंकको हकमा विहान १० बजे देकि दिउसो १ बजे सम्म मात्र खुल्ला गर्ने /गराउने ।
- सहकारी तथा अन्य वितिय संघ, संस्थाका हकमा पुर्ण रुपमा वन्द गर्ने / गराउने ।
- अत्यावश्यकिय सेवाका कर्मचारी, स्वास्थ्यकर्मी र परिक्षा दिने परिक्षार्थीहरुको हकमा परिचयपत्र/प्रवेश-पत्रका आधारमा आवतजावत सहज गर्ने / गराउने ।
- यस केराबारी गाउँपालिका भित्र मठ, मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पुर्ण पालना गरी पुजारीबाट मात्र नित्यपूजा, ध्यान र प्रार्थना गर्ने / गराउने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान सन्चालन नगर्ने / नगराउने ।
- विद्यालय तथा क्याम्पसहरुले परिक्षा मात्र संचालन गर्ने / गराउने ।
- विद्यालय, कलेज, ट्युशन सेन्टर, तालिम केन्द्रमा भौतिक रूपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरू अपनाई गतिविधि सञ्चालन गर्ने / गराउने ।
- सिनेमा हल, पार्टी प्यालेस, पुल हाउस, डान्सबार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लब, जिम खाना,स्वीमिङ पुल, फुटसल, सभा, आम सभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने/ गराउने ।
- माथि उल्लिखित मापदन्ड पालना नगरेमा संक्रामक रोग ऐन -२०२०, अन्तर्गत जरिवाना/कारवाही हुनेछ ।

...............................
रोहित वहादुर कार्की
अध्यक्ष

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.npफोन नं. ०२१-४०३११०